लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
Life Insurance Corporation (Nepal) Ltd.
(A Joint Venture of Life Insurance Corporation of India)

AN ISO 9001 CERTIFIED ORGANISATION
Certificate No. 42693

च.नं. २०७८-१२-४-५५२

मिति : २०७८/१२/०४

**श्रीमान अध्यक्षज्यू**
नेपाल स्टक एक्सचेन्ज लि.
सिंहदरबार प्लाजा, काठमाडौं ।

विषय : <u>१९ औं वार्षिक साधारण सभाको (माइन्युट) विवरण पठाएको बारे ।</u>

महोदय,

उपरोक्त सम्वन्धमा यस कम्पनीको मिति २०७८/११/११ बुधवारका दिन एलआईसी शिक्षालयको हल, नक्साल, काठमाण्डौमा बसेको १९ औं वार्षिक साधारण सभा (आ.ब.२०७६/७७ को) मा भएको काम कारवाहिको विवरण (माइन्यूट) जानकारीको लागि तहाँ समक्ष पेश गरिएको छ ।

सधन्यवाद ।

भवदीय,

सुदर्शन गिरी
(कम्पनी सचिव )

**संलग्न :** पाना ८ को माइन्यूट थान - १ ।

## लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडको

### उन्नाइसौं (१९औं) वार्षिक साधारण सभाको

### काम कारवाहींको विवरण (माईन्यूट)

१. **प्रारम्भिकः**

कम्पनी ऐन २०६३ र यस लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडको नियमावली बमोजिम यस कम्पनीको १९ औं वार्षिक साधारण सभा श्री एम. आर. कुमारज्यूको अध्यक्षतामा देहाय बमोजिमको मिति, स्थान र समयमा देहाय बमोजिम सु-सम्पन्न भयो।

२. **सभा भएको मिति, स्थान र समयः**

मितिः २०७८ साल फाल्गुण ११ गते बुधबार (तदनुसार २३ फेब्रुअरी २०२२)

स्थानः एलआईसी शिक्षालय हल, नक्साल, काठमाण्डौ।

समयः विहान ११.१५ बजे प्रारम्भ भई दिउँसो १.१५ बजे सम्पन्न।

३. **सभाको सूचनाः**

यस कम्पनीको १९ औं वार्षिक साधारण सभा सम्वन्धी सूचना कम्पनी ऐन, २०६३ को दफा ६७ (२) र कम्पनीको नियमावलीको नियम ९ अनुसार प्रथम पटक २०७८ माघ १५ गते र दोस्रोपटक २०७८ फाल्गुण ३ गतेको नयाँ पत्रिका दैनिकमा सभा हुने मिति, स्थान, समय र छलफलको विषयसूची सम्वन्धी जानकारी सहितको सूचना प्रकाशित गरी शेयरधनीहरुलाई जानकारी गराइएको थियो। साथै भर्चुअल माध्यमबाट शभामा भाग लिनको लागि शेयरधनीहरुले उपलब्ध गराउनु भएको मोबाइल नम्बरमा ZOOM मिटिङ्गको लागि लिङ्क बनाई पठाईएको थियो।

४. **छलफल गरिएका विषय सूचीः**

छलफलका विषयहरुः

(क) साधारण प्रस्तावहरुः

(१) अध्यक्षद्वारा संचालक समितिको वार्षिक प्रतिवेदन २०७६/०७७ प्रस्तुत गरी अनुमोदन गर्ने।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७६/०७७ को वासलात, आय-व्यय हिसाव र सोहि अवधिको नगद प्रवाह विवरणमाथि छलफल गरी पारित गर्ने।

(३) लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०७७/०७८ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने।

(४) संचालक समितिबाट प्रस्तावित १.०५२६३१५७९ % नगद लाभांस पारित गर्ने (बोनस शेयरको कर प्रयोजनार्थ)।

(५) संस्थापक शेयरधनीको तर्फबाट नियुक्त सञ्चालकहरू एवं स्वतन्त्र संचालकको नियुक्तिलाई अनुमोदन गर्ने।

(ख) विशेष प्रस्तावहरुः

(१) संचालक समितिले प्रस्ताव गरे बमोजिम हालको चुक्ता पूँजीको २० % बोनस शेयर पारित गर्ने । साथै, कम्पनीको हालको अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी शीर्षकहरु प्रत्येकमा रहेको रु. २,२१,१०,००,०००/- लाई बृद्धि गरी रु. २,६५,३२,००,०००/- कायम गर्ने प्रस्ताव स्वीकृत गर्ने । बोनस वितरणपछि कायम हुन आउने दशमलव पछिको अंकलाई सम्बन्धित शेयरधनीको नाममा पछि समायोजन गर्ने गरि यथावत राख्ने ।

(२) संस्थापक शेयरधनीहरूको आफ्नो स्वामित्वमा रहेको कूल १० % संस्थापक शेयरलाई सर्बसाधारण शेयरमा परिवर्तन गर्ने र सोही अनुसार प्रबन्धपत्र र नियमावलीमा आवश्यक संसोधन गर्ने प्रस्ताव पारित गर्ने ।

(३) बोनश शेयर पश्चात हुने पूँजी बृद्धि सम्बन्धमा कम्पनीको प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्ने प्रस्ताव पारित गर्ने ।

(४) कम्पनीका प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्ने सन्दर्भमा नियमनकारी निकायहरु (कम्पनी रजिष्ट्रारको कार्यालय, बीमा समिति, नेपाल धितोपत्र बोर्ड, आदि) ले आवश्यक सुझाव वा निर्देशन दिएमा सो अनुरुप आवश्यक समायोजन गर्न संचालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।

(५) संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७५ को निर्देशन नं. १२(२) बमोजिम प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक अनुमोदन गर्ने ।

(ग) अध्यक्षको अनुमतिले अन्य कुनै विषयहरु ।

५. उपस्थितिः

५.१ सञ्चालकहरुको उपस्थितिः

| | | | |
|---|---|---|---|
| क) | श्री एम. आर. कुमार | - | सञ्चालक अध्यक्ष |
| ख) | श्री बी.सी. पटनायक | - | सञ्चालक |
| ग) | श्री अशोक कुमार अग्रवाल | - | सञ्चालक |
| घ) | श्री प्रविन कुमार मोलरी | - | सञ्चालक |
| ङ) | श्री लक्ष्मी प्रसाद दास | - | सञ्चालक/ प्रमुख कार्यकारी अधिकृत |
| च) | श्रीमती कोमल अग्रवाल | - | संचालक |

५.२ कम्पनी पदाधिकारीको उपस्थितिः

| | | | |
|---|---|---|---|
| क) | श्री टि. बर्णवाल | - | नायब प्रमुख कार्यकारी अधिकृत |
| ख) | श्री संजीव कुमार अग्रवाल | - | प्रबन्धक |
| ग) | श्री सुदर्शन गिरी | - | कम्पनी सचिव |
| घ) | श्रीमती ममता पौडेल | - | प्रमुख - मार्केटिङ्ग विभाग |
| ङ) | श्रीमती सबिना श्रेष्ठ | - | प्रमुख - अण्डरराइटिङ विभाग |

Life Insurance Corporation (Nepal) Ltd.

च) श्रीमती संगीता मैनाली - प्रमुख -लगानी विभाग
छ) श्री गिरिराज घिमिरे - प्रमुख -अफिस सर्भिस विभाग
ज) श्री प्रकाशभक्त उपाध्याय - प्रमुख - पोलिसी सर्भिसिङ विभाग
झ) श्री बिकेश महर्जन - प्रमुख - लेखा विभाग
ञ) श्रीमती चन्चला जोशी - प्रमुख दावी विभाग

साथै स्थानीय शाखा कार्यालयहरुका प्रमुखहरु र कर्पोरेट कार्यालयका कर्मचारीहरुको उपस्थिति रहेको।

५.३ नियमनकारी निकायः

क) श्री हरि प्रसाद अधिकारी - उप-रजिष्ट्रार, कम्पनी रजिष्ट्रारको कार्यालय

**६. शेयरधनीहरुको उपस्थितिः**

भौतिक रुपमा तथा भर्चुअल/ विद्युतीय प्रविधि (ZOOM) मार्फत जम्मा उपस्थित संख्याः ४५

**७. गणपुरक संख्या एवं बैधानिकताः**

| विवरण | कुल शेयरधनी संख्या | उपस्थिति | | जम्मा उपस्थिति | कुल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|---|---|
| | | भौतिक | विद्युतिय प्रविधि मार्फत | | |
| शेयरधनी संख्या (संस्थापक/ सर्वसाधारण समूह) | १८,४९४ जना | १८ जना | २७ जना | ४५ जना | ७७.८९ % |
| शेयरधनीहरुले ग्रहण गरेको कित्ता | २,२१,१०,००० कित्ता | १,७२,२१,२५८ कित्ता | | | |

सभाको प्रारम्भमा उद्घोषकको रुपमा कम्पनी सचिव सुदर्शन गिरीले यो साधारणसभा कम्पनीको नियमावली र प्रचलित ऐन कानून बमोजिम बोलाइएको र सभा सञ्चालन गर्न कम्पनी ऐन, २०६३ को दफा ७३ (२) अनुसार गणपुरक संख्या पुगेको जानकारी सभालाई गराउनुभयो।

**८. सभाको अध्यक्षता र सभा सञ्चालनः**

कम्पनीको १९ औं वार्षिक साधारण सभाको अध्यक्षता कम्पनी ऐन, २०६३ को दफा ७४ (१) र कम्पनीको नियमावलीको नियम १३.१५(ग) बमोजिम सञ्चालक श्री एम. आर. कुमारज्यूले गर्नुभयो। प्रचलित कानून पालना भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६९ को अधिनमा रही सभाध्यक्ष श्री एम. आर. कुमारज्यूले सम्पूर्ण शेयरधनी महानुभावहरुलाई हार्दिक अभिवादन तथा स्वागत गर्दै सभाको कार्यक्रम अघि बढाउनु भयो।

Life Insurance Corporation (Nepal) Ltd.

९. १९ औं वार्षिक प्रतिवेदनको प्रस्तुति:

सभामा १९ औं वार्षिक प्रतिवेदन २०७६/७७ प्रस्तुत गर्न अध्यक्षज्यूलाई अनुरोध गरिएपछि अध्यक्ष श्री एम. आर. कुमारज्यूले कम्पनीको १९ औं वार्षिक प्रतिवेदन अंग्रेजी भाषामार्फत् सभामा प्रस्तुत गर्नुभयो।

१०. छलफलका लागि आह्वान:

अध्यक्षज्यूद्वारा वार्षिक प्रतिवेदन र वासलातको प्रस्तुतिपछि सो सम्बन्धमा आ-आफ्नो प्रश्न, जिज्ञासा, सुझाव एवं मन्तव्य व्यक्त गरिदिन कम्पनी सचिवद्वारा शेयरधनी महानुभावहरुलाई आह्वान गरियो। यसै क्रममा देहायका शेयरधनी महानुभावहरुले छलफलमा भाग लिनुभयो।

(क) श्री अमृतनाथ रेग्मी (ZOOM मार्फत)
(ख) श्री उद्दव प्रसाद घिमिरे
(ग) श्री सत्रुधन श्रेष्ठ
(घ) श्री नरसिंह लाल चखूँ (लिखित मन्तव्य)
(ङ) श्री महेश कुमार अग्रवाल (लिखित मन्तव्य)
(च) श्री व्यास कुमार शर्मा (ZOOM मार्फत)
(छ) श्री कुबेर श्रेष्ठ (ZOOM मार्फत)

११. प्रस्तुत गरिएका जिज्ञासा एवं सुझावहरु:

(क) शेयरधनी अमृतनाथ रेग्मीज्यूले आ.ब. २०७६/७७ मा संस्थागत सुशासन पालना गर्न सफल भएकोमा एलआईसी नेपालको संचालक समिति, प्रमुख कार्यकारी अधिकृत, व्यवस्थापन र सम्पूर्ण टिमलाई धन्यवाद ज्ञापन गर्नुभयो। उहाँले यस कम्पनी नेपालको सबैभन्दा ठूलो जीवन बीमा कोष र लगानी सहितको नं. १ जीवन बीमा कम्पनी बनोस् भन्ने कामना गर्नुभयो । अझैसम्म कम्पनीले कर्पोरेट भवन बनाउन नसकेकोमा दुःख लागेको र कम्पनीले आफ्ना कर्मचारीहरुको सेवा सुविधामा ध्यान दिनु पर्ने भनेर जोड दिनु भयो।

(ख) शेयरधनी उद्दव प्रसाद पौडेलले कम्पनीको वित्तिय सूचकांक प्रति खुसी व्यक्त गर्दै समस्त एलआईसी टिमलाई राम्रो कार्य गरेकोमा धन्यवाद ज्ञापन गर्नुभयो। उहाँले आ.ब. २०७६/७७ को वार्षिक प्रतिवेदन पुस्तक राम्रो रहेको भन्दै आ.ब. २०७७/७८ को वार्षिक साधारण सभा चाँडै सम्पन्न होस् भन्ने जिज्ञासा राख्नुभयो।

(ग) श्री सत्रुधन श्रेष्ठज्यूले यस बर्ष कम्पनीको उत्कृष्ट बीमाशुल्क आर्जन, राम्रो लगानी नीति, राम्रो बमि दाबी भुक्तानी र शेयरधनीलाई राम्रो प्रतिफल दिन सफल भएकोमा धन्यवाद ज्ञापन गर्नुभयो। उहाँले आम जनसमुदायको भरोसा विश्वास लिन कर्पोरेट भवन निर्माणमा जोड दिन सुझाव दिनुभयो। अन्त्यमा, श्री श्रेष्ठले कम्पनीको उत्तरोत्तर प्रगतिको कामना गर्नु भयो।

Life Insurance Corporation (Nepal) Ltd. *

(घ) श्री नरसिंह लाल चखूँले लिखित मन्तव्य दिदैं एलआईसी नेपालले लगानीकर्ताको प्रतिफलमा बिशेष ध्यान पुऱ्याएकोमा समग्र एलआइसी नेपालको टिमलाई धन्यवाद दिनु भयो। आन्तरिक नियन्त्रण प्रणाली र सुशासन कायम गर्न सफल भएकोमा खुशी व्यक्त गर्दै लगानी विविधिकरणमा ध्यान पुऱ्याउन र आगामी आ.ब. २०७७/७८ को साधारण शभा यथाशक्य चाँडो सम्पन्न गर्न जोड दिनु भयो। त्यसै गरी संचालक समिति र व्यवस्थापनले व्यापारका नयाँ क्षेत्रहरू पहिचान गर्न र शेयरधनीहरुको सल्लाह सुझावलाई अवलम्बन गरिदिन अनुरोध गर्नु भयो।

(ङ) श्री महेश कुमार अग्रवालले लिखित मन्तव्य दिदैं कम्पनीले शेयरधनीहरुलाई प्रस्ताव गरेको २० प्रतिशत लाभांश प्रति खुशी व्यक्त गर्दै आगामी दिनमा पनि यही अनुपातमा लाभांश प्रदान गरियोस् भन्नु भयो। त्यसै गरी भारतीय जीवन निगम (LIC of INDIA) को यस कम्पनीमा रहेको साबिकको शेयर संरचनामा कुनै परिवर्तन हुने वा नहुने भन्ने सम्बन्धमा जिज्ञासा राख्नु भयो।

(च) श्री व्यासकुमार शर्माज्यूले कम्पनीको NFRS अनुसारको प्रतिवेदन राम्रो भएको र कम्पनीको दाबी भुक्तानी उत्कृष्ट रहेकोमा धन्यवाद दिनु भयो। त्यसै गरी कम्पनीले बीमाशुल्क आर्जनमा थप ध्यान पुऱ्याउनु पर्नेमा जोड दिनु भयो। अन्त्यमा, श्री शर्माले यस कम्पनीलाई नेपालको सबल सक्षम र उत्कृष्ट कम्पनीको रुपमा विकसित गर्न आगामी वर्ष शेयरधनीहरुलाई अझ वढी लाभांश प्रदान गर्न शुभकामना व्यक्त गर्नु भयो।

(छ) श्री मेजर कुबेर श्रेष्ठज्यूले कम्पनीको वार्षिक प्रतिवेदन पारदर्शी र विश्वासिलो रहेको उल्लेख गर्नुभयो। कम्पनीको हालको प्रतिशेयर आम्दानी राम्रो रहेको र शेयरधनीहरुलाई प्रस्ताव गरेको २० प्रतिशत लाभांश प्रति खुशी व्यक्त गर्दै आगामी दिनमा लाभांश दरमा बृद्दि होस भन्ने चाहना गर्नु भयो। त्यसै गरी उहाँले कम्पनी र शेयरधनीहरुबीचको सम्बन्ध "एक जना सबैका लागि र सबै जना एक जनाको लागि" भन्ने सिद्धान्तमा हुनु पर्दछ भनी विचार राख्दै कम्पनीको प्रगतिको कामना गर्नु भयो।

**१२. शेयरधनीहरुको प्रश्न र जिज्ञासाहरुप्रति अध्यक्षज्यूको प्रतिउत्तर:**

शेयरधनीहरुको प्रश्न र जिज्ञासाहरुप्रति सामूहिक प्रतिउत्तर दिने क्रममा लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.का सभाध्यक्षज्यूले श्री अमृतनाथ रेग्मी र अन्य सवै शेयरधनीहरुलाई उहाँहरुले व्यक्त गर्नुभएका महत्वपूर्ण सुझाव, सकरात्मक प्रतिक्रिया र कम्पनीले प्रगतिका लागि अवलम्बन गर्नुपर्ने उपायहरुका लागि धन्यवाद दिनुभयो। उहाँले शेयरधनीहरुको सकरात्मक सुझावहरुलाई टिपिएको र भविष्यमा कार्यान्वयन गरिने प्रतिबद्धता जनाउनु भयो। सभाध्यक्षज्यूले कोभिड १९को महामारी एवं विषम आर्थिक परिस्थितिका बाबजुद पनि आम जनताहरुमा जीवन बीमा मानव जीवनको आधारभूत आवश्यकता हो भन्ने महसुस भएको र बीमा सचेतना अभिवृद्धिका लागि एलआईसी नेपालले महत्वपूर्ण कार्यहरु गरिरहने वताउनु भयो। कर्पोरेट भवन निर्माण सम्बन्धि जिज्ञासामा सभाध्यक्षज्यूले २०७२ सालमा भवन निर्माणको सवै तयारी भएको तर अचानक महाभूकम्प आउँदा निर्माण कम्पनीले करार रद्द गरेको जानकारी गराउनु भयो। त्यसै गरी, नेपाल सरकारले भवन निर्माणको नयाँ मापदण्ड लागू गर्दा केही जमिन बाटोलाई छाड्नु पर्ने र भवनको प्रस्तावित उचाईमा परिवर्तन गर्नु पर्ने भयो। तसर्थ, अहिलेको जमिन कर्पोरेट भवनको लागि उपयुक्त नरहेको

Life Insurance Corporation (Nepal) Ltd.

निष्कर्ष निकाल्दै संचालक समितिले सो जग्गा विक्री गरी भवनसहितको जग्गा लिनको लागि टेन्डर आव्हान् गरिसकेको जानकारी गराउनुभयो।

१९ औं वार्षिक साधारण सभा किन ढिला भयो भन्ने जिज्ञासाका सम्बन्धमा लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि. का सभाध्यक्षज्यूले बीमाङ्कीय मूल्यांकनमा हुन गएको ढीलाईको कारण १९ औं वार्षिक साधारण सभा निर्धारित समय सीमा भित्र हुन नसकेको जानकारी दिनु भयो। नियम परिपालनाको सन्दर्भमा सभाध्यक्ष श्री एम. आर. कुमारले एलआईसी नेपाल पूर्णरुपले नियम पालना गर्ने कम्पनी रहेको र नेपालको प्रचलित ऐन कानुन र निर्देशिकाहरुको पालना गरिएको जानकारी गराउनु भयो।

लगानी र लाभांशबारे चर्चा गदै सभाध्यक्षज्यूले कम्पनी सवै लगानीकर्ताहरुको ट्रष्टीकोरुपमा रहेको र बीमा समितिको लगानी सम्बन्धि निर्देशिका बमोजिम सम्पूर्ण रकम उत्कृष्टतवरले नेपालभित्रै लगानी भएको जानकारी गराउनु भयो। उहाँले आ.ब. २०७७/७८ को बीमाङ्कीय मूल्याकंन भैरहेको र सो को स्वीकृति पाउनासाथ २० औं वार्षिक साधारण सभा बोलाईने जानकारी गराउनु भयो।

१० प्रतिशत संस्थापक शेयरलाई साधारण शेयरमा रुपान्तरण गर्दा भारतीय जीवन बीमा निगम (LIC of India) को शेयर संरचना के कस्तो हुने भन्ने सन्दर्भमा शभाध्यक्षज्यूले वर्तमानमा लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.मा LIC of India को शेयर संरचनामा कुनै परिवर्तन नहुने जानकारी गराउनु भयो।

लाइफ इन्स्योरेन्स कर्पोरेशन(नेपाल) लि. लाई नेपालको नं. १ कम्पनी बनाउने सन्दर्भमा सभाध्यक्षज्यूले एलआईसी नेपालले कम्पनीले ७६ शाखा कार्यालयहरु तथा १ कर्पोरेट कार्यालयबाट संस्थागत सुशासन कायम राख्दै सेवा दिईरहेको बताउनु भयो। उहाँले उत्कृष्ट ग्राहक सेवा र शेयरधनीहरूलाई दिने लाभांशका लागि यो कम्पनी सर्बोत्कृष्ट छ भन्नु भयो। प्रथम बीमाशुल्क आर्जनमा नं. १ बन्नका लागि कम्पनीका सिइओ र उहाँको टिमले शेयरधनीहरुको यो चाहनालाई सफल पार्ने गरी कार्य गर्न निर्देशन गर्नुभयो।

**१३. सभाको निर्णय:**

**(क) साधारण प्रस्ताव अन्तर्गत भएका निर्णयहरु:**

(१) अध्यक्षज्यूले राख्नुभएको सञ्चालक समितिको वार्षिक प्रतिवेदन २०७६/०७७ सभाद्वारा सर्बसम्मतिका साथ पारित गरियो।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित आ.ब.२०७६/०७७ को वासलात, आय-व्यय हिसाब र सोही अवधिको नगद प्रवाह विवरणलाई सर्वसम्मतिकासाथ पारित गरियो।

(३) आ.व.२०७७/०७८ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा यस कम्पनीको लेखा परिक्षण समितिको सिफारीस बमोजिम श्री पि.एल. श्रेष्ठ एन्ड कम्पनीका चार्टड एकाउन्टेन्ट श्री राजेश पौडेललाई मु.अ.क बाहेक रू ५,५०,०००/- (अक्षरेपी रू. पाँच लाख पचास हजार मात्र) पारिश्रमिक निर्धारण गरि लेखा

Life Insurance Corporation (Nepal) Ltd.

परिक्षकको रुपमा नियुक्त गर्न कम्पनीको संचालक समितिमा छलफल भई शभामा राखिएको प्रस्तावलाई सभाद्वारा सर्वसम्मतिका साथ पारित गरियो।

(४) संचालक समितिबाट प्रस्तावित १.०५२६३१५७९ % नगद लाभांस पारित गर्ने (बोनस शेयरको कर प्रयोजनार्थ ) सम्बन्धमा राखिएको प्रस्तावलाई सभाद्वारा सर्व सम्मतिकासाथ पारित गरियो ।

(५) संस्थापक शेयरधनीको तर्फबाट नियुक्त सन्चालकहरू एवं स्वतन्त्र संचालकको नियुक्तिलाई अनुमोदन गर्ने सम्बन्धमा संस्थापक शेयरधनी भारतीय जीवन बीमा निगमबाट प्रतिनिधित्व गर्नु हुने संचालक श्री मुकेश कुमार गुप्ताको रिक्त स्थानमा निगमले सिफारिश गरे बमोजिम श्री बी.सी पटनयाक र अर्का संस्थापक शेयरधनी श्री विशाल ग्रुप लि.को सिफारिशमा श्री अशोक कुमार अग्रवाल तथा स्वतन्त्र संचालक सदस्यको रुपमा श्री प्रविन कुमार मोलरीको नियुक्तीलाई सर्वसम्मतिका साथ अनुमोदन गरियो।

**(ख) विशेष प्रस्ताव अन्तर्गत भएका निर्णयहरु:**

(१) संचालक समितिले प्रस्ताव गरे बमोजिम हालको चुक्ता पूँजीको २० प्रतिशत बोनस शेयर पारित गर्ने प्रस्तावलाई सर्वसम्मतिका साथ पारित गरियो। साथै, कम्पनीको हालको अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी शीर्षकहरु प्रत्येकमा रहेको रु. २,२१,१०,००,०००/- लाई बृद्धि गरी रु. २,६५,३२,००,०००/- कायम गर्ने प्रस्तावलाई सभाद्वारा सर्व सम्मतिकासाथ पारित गरियो। साथै, बोनस वितरणपछि कायम हुन आउने दशमलव पछिको अंकलाई सम्बन्धित शेयरधनीको नाममा पछि समायोजन गर्ने गरि यथावत राख्ने प्रस्तावलाई सभाद्वारा सर्व सम्मतिकासाथ पारित गरियो ।

(२) संस्थापक शेयरधनीहरुको १० प्रतिशत संस्थापक शेयरलाई सर्बसाधारण शेयरमा परिवर्तन गर्ने र सोही अनुसार प्रबन्धपत्र र नियमावलीमा आवश्यक संसोधन गर्ने सम्बन्धमा नियमनकारी निकायको पत्र समेत बमोजिम यस कम्पनीको संस्थापक शेयरमा भारतीय जीवन बीमा निगम (LIC of India) को ५५ प्रतिशत र विशाल ग्रुप लि. को १५ प्रतिशत हिस्सा रहने गरी बाँकी देहायका संस्थापक शेयरलाई सर्बसाधारण शेयरमा परिवर्तन गर्ने प्रस्तावलाई सभाद्वारा सर्वसम्मतिकासाथ पारित गरियो । सोही अनुसार प्रबन्ध पत्र तथा नियमावलीमा आवश्यक संसोधन गर्ने निर्णय पारित गरियो।

| संस्थापक शेयर धनीहरु | सर्वसाधारण समूहमा रुपान्तरण हुने संस्थापक शेयर | |
|---|---|---|
| | शेयर (कित्ता) | चुक्ता पूँजीको प्रतिशत |
| विशाल ग्रुप लि. | ५,१२,९५२ | २.३२ % |
| जगदीश प्रसाद अग्रवाल | ४,२४,५१२ | १.९२ % |
| अर्पित अग्रवाल | २,१२,२५६ | ०.९६ % |
| अनुज अग्रवाल | २,१२,२५६ | ०.९६ % |
| त्रिलोक चन्द अग्रवाल | २,१२,२५६ | ०.९६ % |
| विशाल अग्रवाल | २,१२,२५६ | ०.९६ % |
| तुल्सी राम अग्रवाल | २,१२,२५६ | ०.९६ % |
| निकुञ्ज अग्रवाल | १,४१,४४७ | ०.६३९७ % |
| संचिता अग्रवाल | ७०,८०९ | ०.३२०३ % |
| जम्मा | २२,११,००० | १० % |

Life Insurance Corporation (Nepal) Ltd.

(३) पूँजी बृद्धि सम्बन्धमा कम्पनीको प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्ने प्रस्तावलाई सभाद्वारा सर्वसम्मतिकासाथ पारित गरियो।

(४) प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्ने सन्दर्भमा नियमनकारी निकाय (कम्पनी रजिष्ट्रारको कार्यालय, बीमा समिति, नेपाल धितोपत्र बोर्ड, सिडिएस एण्ड क्लीयरिङ्ग लि. आदि) ले आवश्यक सुझाव वा निर्देशन दिएमा सो अनुरुप आवश्यक समायोजन गर्न संचालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने प्रस्तावलाई सभाद्वारा सर्वसम्मतिकासाथ पारित गरियो।

(५) संस्थागत सुशासन सम्वन्धी निर्देशिका, २०७५ को निर्देशन नं. १२(२) बमोजिम प्रमुख कार्यकारी अधिकृतले लिनु भएको पारिश्रमिक रकमलाई अनुमोदन गर्ने प्रस्तावलाई सभाद्वारा सर्वसम्मतिकासाथ पारित गरियो।

(ग) अध्यक्षको अनुमतिले अन्य कुनै विषय नरहेको जानकारी गराइयो।

**१४. धन्यवाद ज्ञापन र बिसर्जन:**

अन्त्यमा, सभाध्यक्ष श्री एम. आर. कुमारज्यूले शभामा प्रत्यक्ष, प्रतिनिधि तथा बिद्युतिय प्रविधि (ZOOM) मार्फत सहभागी सम्पूर्ण शेयरधनी महानुभावलाई हार्दिक धन्यवाद व्यक्त गर्दै यस लाइफ इन्स्योरेन्श कर्पोरेशन (नेपाल) लि. को १९ औं वार्षिक साधारणसभा भव्य र शभ्य रुपमा सौहार्दपूर्ण वातावरणमा सम्पन्न गर्नमा सहयोग गरिदिएकोमा उपस्थित सम्पूर्ण शेयरधनीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दै दिउँसो १.१५ बजे सभाको विसर्जन गर्नुभयो।

| | |
|---|---|
| श्री सुदर्शन गिरी<br>(कम्पनी सचिव) | श्री एम.आर. कुमार<br>(अध्यक्ष) |